**इस्मा गाउँपालिका**
**खानेपानी तथा सरसफाई विकास बोर्ड गठन तथा परिचालन ऐन, २०७८**
**२०७८ सालको ऐन**

प्रमाणीकरण र प्रकाशन मितिः २०७८/०३/२५ गते

**प्रस्तावना**

इस्मा गाउँपालिकाभित्र खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाउन, उपभोक्ता समितिहरुलाई व्यवस्थित गरी खानेपानी योजनाहरुको नियमित सञ्चालन र नयाँ योजनाको लागि विनियोजित बजेट र कार्यक्रम कार्यान्वयन गरी उपभोक्तालाई भरपर्दो सेवा प्रदान गर्न, गराउन साथै खानेपानी तथा सरसफाइ सेवालाई प्रभावकारी बनाउनको लागि आवश्यक कानुनी व्यवस्था गरी खानेपानी तथा सरसफाइ विकास बोर्डको स्थापना र सञ्चालन गर्नु वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले यो ऐन तयार गरी लागू गरेको छ ।

**परिच्छेद १**
**संक्षिप्त नाम, प्रारम्भ र परिभाषा**

१. **संक्षिप्त नाम** : यस ऐनको नाम **"इस्मा गाउँपालिका खानेपानी तथा सरसफाई विकास बोर्ड गठन तथा संचालन ऐन, २०७८**" रहेको छ ।

२. **प्रारम्भ** : यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**३. परिभाषा :** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस ऐनमा-

(१) "ऐन" भन्नाले "इस्मा गाउँपालिका खानेपानी तथा सरसफाई विकास बोर्ड गठन तथा परिचालन ऐन २०७८" लाई सम्झनु पर्दछ ।

(२) "बोर्ड" भन्नाले दफा ३ बमोजिम गठन भएको खानेपानी तथा सरसफाइ विकास बोर्डलाई सम्झनुपर्छ ।

(३) "अध्यक्ष" भन्नाले बोर्डको अध्यक्ष सम्झनु पर्दछ ।

(४) "गाउँपालिका" भन्नाले इस्मा गाउँपालिकालाइ सम्झनु पर्दछ ।

(५) "प्राकृतिक पानी" भन्नाले सनातनदेखिका मूल, ढुङ्गेधारा, कुवा, नदी, खोला, इनार, पोखरी, ताल वा सतही प्राकृतिक स्रोतबाट निःसृत भएको वा भूमिगत स्रोतबाट निकालिएको पानी सम्झनु पर्दछ ।

(६) "खानेपानी सेवा" भन्नाले प्राकृतिक पानीलाई संकलन, प्रशोधन तथा शुद्धीकरण गरी उपभोक्ताहरुलाई पानी उपलब्ध गराउने काम सम्झनु पर्दछ ।

(७) "सरसफाई सेवा" भन्नाले मानव मलमूत्रबाट वा घरेलु, व्यापारिक वा औद्योगिक उपयोगपश्चात् निष्काशन भएको फोहोर, फोहोर पानी तथा त्यस्तो पानीमा मिश्रित सबै किसिमका फोहोर पदार्थलाई पुर्ने, नष्ट गर्ने, निष्काशन गर्ने, प्रशोधन गर्ने वा शुद्धीकरण गर्ने काम सम्झनुपर्दछ ।

(८) "सेवा" भन्नाले खानेपानी वा सरसफाई सेवा सम्झनु पर्दछ ।

(९) “सेवा प्रणाली” भन्नाले खानेपानी वा सरसफाई सेवा प्रदान गर्ने उद्देश्यले निर्माण वा जडान गरिएको पाइप, ट्याङ्की, जलाशय वा खानेपानी, फोहोर पानी वा ढल मिसिएको पानी प्रशोधन वा शुद्धीकरण गर्ने प्लाण्ट वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्दछ ।
(१०) “समिति” भन्नाले वडा खानेपानी तथा सरसफाइ विकास समितिलाई सम्झनु पर्दछ ।
(११) “महसुल” भन्नाले सेवाप्रदायकले सेवा प्रदान गरेवापत उपभोक्ताबाट लिने महसुल सम्झनु पर्दछ ।
(१२) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐनमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ ।
(१३) “वडा समिति” भन्नाले वडा अध्यक्षको अध्यक्षतामा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गठित वडा समितिलाई सम्झनु पर्दछ ।
(१४) “कार्यपालिका” भन्नाले इस्मा गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।
(१५) “गैह्रसरकारी संस्था” भन्नाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थालाई सम्झनु पर्दछ ।
(१६) “उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्य” भन्नाले यस ऐनबमोजिम गठित बोर्डको उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यलाई सम्झनु पर्दछ ।
(१७) “उपभोक्ता समिति” भन्नाले यस गाउँपालिकामा वा अन्य सरकारी निकायमा दर्ता भई बोर्डले तोकेको प्रक्रिया पुरा गरी बोर्डमा आवद्ध भएका खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्झनु पर्दछ ।

**४. ऐनको पालना गर्नुपर्ने :** गाउँपालिकाभित्र गठन हुने खानेपानी तथा सरसफाई विकास बोर्ड र सोअन्तर्गत गठन गरिने वडा खानेपानी तथा सरसफाई विकास समिति, उपभोक्ता समिति, समूह तथा सबै उपभोक्ताहरुले यो ऐनको पूर्ण रुपमा पालना गर्नुपर्दछ ।

## परिच्छेद २
## गठन र योग्यता

**५. खानेपानी तथा सरसफाई विकास बोर्डको गठन :-** खानेपानी तथा सरसफाई विकास बोर्डको गठन देहायबमोजिम हुनेछ :
(१) गाउँपालिका क्षेत्रभित्रका खानेपानी उपभोक्ताहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको व्यक्ति - अध्यक्ष ।
(२) गाउँपालिकाका प्रत्येक वडा खानेपानी तथा सरसफाइ विकास समितिले सिफारिस गरेका १-१ जना गरी ६ जना - सदस्य । तर पहिलो पटक बोर्डको गठन गर्दा वडासमितिले सिफारिस गरेका १-१ जना गरी ६ जना सदस्य हुनेछन् ।
(३) गाउँकार्यपालिकाले मनोनित गरेका कम्तीमा १ दलित र २ महिला सहित ६ जना - सदस्य ।
(४) समितिको बैठक बसी सदस्यहरु मध्येबाट समितिको उपाध्यक्ष, सचिव र कोषाध्यक्षको छनौट गर्नेछन् ।
(५) विज्ञता एवं आवश्यकताका आधारमा बोर्डको बैठकले बढीमा २ जना सदस्य मनोनित गर्न सक्नेछ ।
(६) यस बोर्डको पदाधिकारी छनौट गर्दा कम्तिमा एक जना महिला अनिवार्य गरिनेछ ।

**६.वडा खानेपानी तथा सरसफाइ विकास समितिको गठन -** बोर्डको मातहत वडा स्तरमा वडा खानेपानी तथा सरसफाइ विकास समिति तपसिलबमोजिम गठन गर्न सकिनेछ :

(१) वडाका खानेपानी उपभोक्ताहरु मध्येबाट वडासमितिले मनोनित गरेको व्यक्ति - अध्यक्ष ।

(२) वडा खानेपानी तथा सरसफाइ सभाबाट छानिएका कम्तीमा २ महिलासहित ५ जना - सदस्य । तर पहिलो पटक समितिको गठन गर्दा वडाभित्रका दर्तावाला उपभोक्ता समितिका २-२ जना प्रतिनिधिहरुको बैठकले सिफारिस गरेका २ महिलासहित ५ जना सदस्य हुनेछन् ।

(३) वडा समितिले मनोनित गरेका व्यक्तिहरु २ जना - सदस्य ।

(४) समितिको बैठकबाट आवश्यकता, क्षेत्रीय सन्तुलन र समावेशिताको आधारमा मनोनित १ जना - सदस्य ।

(५) समितिका सदस्यहरुले आफूहरुमध्येबाट समितिको उपाध्यक्ष, सचिव र कोषाध्यक्षको छनौट गर्नेछन् ।

(६) यस समितिको पदाधिकारी छनौट गर्दा कम्तिमा एक जना महिला अनिवार्य गरिनेछ ।

**७. पदाधिकारी तथा सदस्यहरुको योग्यता :** खानेपानी तथा सरसफाई विकास बोर्डका पदाधिकारी तथा सदस्यहरुको योग्यता देहायबमोजिम हुनेछ :

(१) इस्मा गाउँपालिकाको स्थायी बासिन्दा ।

(२) १८ वर्ष उमेर पूरा भएको ।

(३) कुनै फौज्दारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

(४) जनप्रतिनिधि वा सरकारी कर्मचारी वा शिक्षकको रुपमा सेवामा बहाल नरहेको ।

(५) बोर्डको अध्यक्षको हकमा कम्तीमा १० वर्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यको हकमा कम्तीमा ६ वर्षदेखि खानेपानी उपभोक्ता समिति वा सामाजिक क्षेत्रमा क्रियाशील रहेको हुनुपर्नेछ ।

(६) समितिको अध्यक्षको हकमा कम्तीमा ५ वर्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यको हकमा कम्तीमा ३ वर्षदेखि खानेपानी उपभोक्ता समिति वा सामाजिक क्षेत्रमा क्रियाशील रहेको हुनुपर्नेछ भने अन्य योग्यता बोर्डका सदस्यसरह हुनेछ ।

**८. बोर्ड स्वशासित संस्था हुने :** (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

(२) बोर्डको काम कारबाहीको निमित्त अनुसूची -१ बमोजिमको आफ्नो एउटा छुट्टै छाप हुनेछ । समितिको छाप बोर्डले निर्धारण गरेबमोजिमको ढाँचामा हुनेछ ।

(३) बोर्डले आफ्नो कार्यालयमा साइनबोर्ड राख्न र लेटरप्याड छापी प्रयोग गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्तिसरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(५) बोर्डले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र बोर्डउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

## परिच्छेद ३
## काम, कर्तव्य र अधिकार

**९. खानेपानी तथा सरसफाई विकास बोर्डको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(१) गाउँपालिकाभित्र खानेपानी तथा सरसफाइ योजना र सेवा प्रणालीहरु निर्माण, सञ्चालन, सुधार, विस्तार तथा पुनर्स्थापना गर्ने गराउने ।
(२) आगामी वर्षको कार्ययोजना र आवश्यक बजेट तयार गरी गाउँपालिकामा पेश गर्ने ।
(३) जनचेतनामूलक कार्यक्रम गर्ने, दिवस समारोह मनाउने ।
(४) खानेपानी तथा सरसफाईको क्षेत्रमा गाउँपालिकाले तर्जुमा गरेका नीति, कार्यक्रम र बजेट कार्यान्वयन गर्ने, गराउने ।
(५) अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने ।
(६) खानेपानी तथा सरसफाई योजनाहरुको सञ्चालन र विस्तारको लागि आवश्यक आर्थिकस्रोत पहिचान गर्ने, माग निवेदन गर्ने र कार्यान्वयन गर्ने ।
(७) सेवाको महसुल दर निर्धारण गरी कार्यान्वयन गर्ने गराउने ।
(८) सीप र क्षमता अभिवृद्धिमूलक तालिमहरु आयोजना गर्ने ।
(९) गाउँपालिकाभित्रका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई बोर्डमा आबद्ध गर्ने ।
(१०) बोर्डका पदाधिकारीहरुको भौगोलिक वा विषयगत कार्यविभाजन गर्ने ।
(११) समितिको काम, कर्तव्य र अधिकार तोक्ने तथा परिचालन गर्ने ।
(१२) सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने, गराउने ।
(१३) आवश्यक जनशक्ति व्यवस्था लगायत कार्यपलिकाले तोकेका अन्य काम गर्ने ।

**१०. वडा खानेपानी तथा सरसफाइ विकास समितिको काम, कर्तव्य र अधिकार** : यस कार्यविधिबमोजिम बोर्डको काममा सहयोग पुऱ्याउनु समितिको प्रमुख काम हुनेछ । साथै समितिले निम्न कामसमेत गर्नेछ :
(१) वडाभित्र खानेपानी तथा सरसफाई योजना निर्माण, सञ्चालन, मर्मतसम्भार, सेवा विस्तारको योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।
(२) गाउँ, टोल र वडालाई पूर्ण सरसफाईयुक्त बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।
(३) उपभोक्ता समितिको दर्ता, गठन, पुनर्गठन बिधानबमोजिम बनाउन सहजीकरण गर्ने ।
(४) वडाभित्र आगामी वर्ष सञ्चालन गरिने योजना र कार्यक्रम तयार गरी वडासमिति र बोर्डमा पेश गर्ने ।
(५) यस कार्यविधिबमोजिम गर्नुपर्ने तथा बोर्ड र वडा समितिले तोकेका अन्य काम गर्ने ।

**११. वडा खानेपानी तथा सरसफाइ सभा** : (१) वडा खानेपानी तथा सरसफाइ विकास समिति गठनको लागि कम्तीमा २ महिलासहित ५ जना सदस्य छनौट गर्न, खानेपानी तथा सरसफाईसम्बन्धी वडाभित्र भएगरेका कामको वार्षिक समीक्षा गरी आवश्यक योजना निर्माण गर्न तथा बोर्ड र वडा समितिले तोकेका अन्य काम गर्न वडा स्तरमा वडा खानेपानी तथा सरसफाई सभा आयोजना गरिनेछ । सभाका प्रतिनिधि निम्नानुसार छनौट हुनेछन् -
क) वडाभित्रका ५० घरधुरीसम्म उपभोक्ता रहेको उपभोक्ता समितिबाट २ जना प्रतिनिधि ।
ख) ५० घरधुरी भन्दा बढी १०० घरधुरीसम्म उपभोक्ता रहेको उपभोक्ता समितिबाट थप २ जना प्रतिनिधि ।
ग) १०० घरधुरी भन्दाबढी २०० घरधुरीसम्म उपभोक्ता रहेको उपभोक्ता समितिबाट थप २ जना प्रतिनिधि ।
घ) २०० घरधुरी भन्दा बढी जति घरधुरी भए पनि थप २ जना प्रतिनिधि ।

(२) गाउँपालिका वा अन्य सरकारी निकायमा दर्ता भई बोर्डमा आबद्ध भएका उपभोक्ता समितिका प्रतिनिधिहरु मात्र सभामा सहभागी हुनेछन् ।

(३) सभाका प्रतिनिधिहरु छनौट गर्दा हरेक उपभोक्ता समितिबाट कम्तीमा एकजना महिला छनौट गर्नुपर्नेछ ।

(४) सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन् । समिति गठन नभएको अवस्थामा वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधिको अध्यक्षतामा सभा सञ्चालन हुनेछ ।

**१२. बोर्डका पदाधिकारीको काम, कर्तव्य र अधिकार** : बोर्डका पदाधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

**(१) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) बोर्डको अध्यक्षको रुपमा नेतृत्व गर्ने र परिचालन गर्ने ।

ख) बैठकको अध्यक्षता गर्ने ।

ग) बोर्डको बैठक आयोजना गर्न सचिवलाई निर्देशन दिने ।

घ) बोर्डका पदाधिकारी तथा सदस्यहरुको कामको मूल्यांकन गर्ने र आवश्यक निर्देशन दिने ।

ङ) सचिवसँगको परामर्शमा बैठकका एजेण्डा तय गर्ने र निर्णय प्रमाणित गर्ने ।

च) तोकिएका अन्य काम गर्ने ।

**(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) बैठकमा सहभागी भई आफ्नो राय दिने ।

ख) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने ।

घ) तोकिएका अन्य काम गर्ने ।

**(३) सचिवको काम, कर्तव्य र अधिकार**

क) अध्यक्षसँगको परामर्शमा बैठकका एजेण्डा तय गर्ने र बैठक बोलाउने ।

ख) बोर्डको अभिलेख राख्ने तथा बैठकको माइन्युट तयार गर्ने ।

ग) कार्यपालिकामा चौमासिक प्रगति प्रतिवेदन पेश गर्ने ।

घ) बोर्डले तोकेको जिम्मेवारी पूरा गर्ने ।

ङ) तोकिएका अन्य काम गर्ने ।

**(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) बैठकमा सहभागी भई आफ्नो राय दिने ।

ख) बोर्डको आर्थिक हरहिसाबको लेखा राख्ने र प्रतिवेदन दिने ।

ग) बोर्डको लागि आर्थिक स्रोतको पहिचान गर्ने ।

घ) तोकिएका अन्य काम गर्ने ।

**सदस्यको काम, कर्तव्य र अधिकार :**

क) बैठकमा सहभागी भई आफ्नो राय दिने ।
ख) तोकिएको कार्यक्षेत्रको काम गर्ने र प्रतिवेदन दिने ।
ग) तोकिएका अन्य काम गर्ने ।

## परिच्छेद ४
## बैठक, पदावधि, पदरिक्तता र पदपूर्ति

**१३. बोर्डको बैठक** : (१) बोर्डको नियमित बैठक दुई महिनामा एकपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । तर यस प्रावधानले दुई महिनाअगावै आवश्यक परेमा बैठक बस्न अवरोध सिर्जना गरेको मानिनेछैन ।
(२) उपपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डका कम्तीमा पच्चीस प्रतिशत सदस्यले बोर्डको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध प्राप्त भएको मितिले दश दिनभित्र बोर्डको बैठक बोलाउनु पर्नेछ ।
(३) एक बैठकदेखि अर्को बैठकबीचको अवधि ६० दिनभन्दा बढी हुनेछैन ।
(४) तत्काल बहाल रहेको बोर्डको बहुमत संख्यालाई बैठकको गणपूरक संख्या मानिनेछ । बैठकमा बोर्डका सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।
(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।
(६) बैठक सञ्चालनको लागि आवश्यक कार्यविधि बोर्ड आफैले बनाउन सक्नेछ ।
(७) बैठकका निर्णयहरु कार्यान्वयनको लागि आवश्यक पत्राचार, जानकारी, सम्पर्क र समन्वय गर्ने जिम्मेवारी अध्यक्ष र सचिवको हुनेछ ।
(८) वडा खानेपानी तथा सरसफाई विकास समितिको बैठक आवश्यकताअनुसार बस्नेछ र अन्य कुरा वोर्डले तोकेबमोजिम हुनेछ ।

**१४. पदावधि** : (१) बोर्डको पदावधि नियुक्त भएको मितिले ३ वर्षको हुनेछ । विशेष कारणवश पदावधि अगावै बोर्डको विघटन गर्नुपरेमा गाउँसभाले मात्र बिघटन गर्नसक्नेछ ।
(२) वडा खानेपानी तथा सरसफाइ विकास समितिको पदावधि २ वर्षको हुनेछ ।

**१५. राजीनामा** : बोर्डका अन्य पदाधिकारी तथा सदस्यहरुले अध्यक्षसमक्ष र अध्यक्षले उपाध्यक्षमार्फत् बैठकमा राजीनामा पेश गर्न सक्नेछन् । प्राप्त राजीनामा बोर्डको बैठकले स्वीकृत गर्नसक्नेछ ।

**१६. पद रिक्तता :**
देहायको अवस्थामा बोर्डको कुनै पदाधिकारी वा सदस्यको पद रिक्त हुनेछ :
(१) निजको राजीनामा स्वीकृत भएमा ।
(२) मृत्यु भएमा ।
(३) बोर्डको पदाधिकारी वा सदस्यको रुपमा बहाल रहेको अवस्थामा कुनै फौज्दारी अभियोग लागी अदालतबाट प्रमाणित भएमा ।

(४) दफा ६ बमोजिमको योग्यता पूरा नभएको ठहर भई कार्यपालिकाबाट पदमुक्त भएमा ।
(५) छ महिनाभन्दा बढी अवधि तोकिएको कार्यक्षेत्रमा नरहेको वा बिना जानकारी लगातार तीन वटाभन्दा बढी बैठकमा अनुपस्थित भई जिम्मेवारी पूरा नगरेको वा बोर्डको गोपनियता भंग गरेको प्रमाणित भई कार्यपालिकाबाट पदमुक्त भएमा । तर यसरी पदमुक्त गर्दा निजलाई सफाइको मौका दिनबाट वञ्चित गरिनेछैन ।

**१७. पदपूर्ति :** बोर्डको पदावधि ६ महिना भन्दा बढी रहेको अवस्थामा बोर्डका कुनै पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा निज जुन प्रक्रियाबाट नियुक्त भएको हो सोही प्रक्रिया वा क्षेत्रबाट बाँकी अवधिको लागि बोर्डमा नियुक्त गरिनेछ ।

## परिच्छेद-५
## बोर्डको विशेषाधिकार

**१८. घर जग्गामा प्रवेश गर्न सक्ने :** बोर्डको कुनै कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै उपभोक्ताको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सोको कारणसहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिई त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ । तर कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नुपर्ने मनासिव आधार र कारण भएमा त्यस्तो घर जग्गामा प्रवेश गर्न जानकारी दिइरहनु पर्नेछैन ।

**१९. निजी वा सार्वजनिक घर जग्गामा पाइप बिच्छ्याउन सक्ने :** (१) बोर्डले उपभोक्तालाई खानेपानी वा सरसफाई सेवा उपलब्ध गराउने प्रयोजनको लागि निजी वा सार्वजनिक घर जग्गामा पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम पाइप बिछ्याउँदा वा सोसँग सम्बन्धित अन्य संचरना बनाउँदा कुनै व्यक्तिको निजी घर जग्गामा कुनै किसिमले हानिनोक्सानी पर्न गएमा बोर्डले सोवापत सम्बन्धित घरजग्गा धनीलाई मनासिव क्षतिपूर्ति दिनसक्नेछ ।

**२०. अतिरिक्त दस्तुर लगाउने :** उपभोक्ताले सेवा उपयोग गरेवापत तिर्नुपर्ने महसुल निर्धारित समयभित्र नतिरेमा वा उपभोक्तालाई नियमित सेवाभन्दा थप सेवा उपलब्ध गराइएकोमा त्यस्तो उपभोक्ताबाट बोर्डले तोकिएबमोजिम अतिरिक्त दस्तुर लिन सक्नेछ ।

**२१. सेवा निलम्बन वा अन्त्य गर्नसक्ने :** (१) यस ऐन वा प्रचलित कानूनबमोजिम निर्धारित महसुल नबुझाउने वा तोकिएको समयमा महसुल नबुझाउने उपभोक्ताको सेवा बोर्डले निलम्बन वा अन्त्य गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम सेवा अन्त्य भएकोमा उपभोक्ताले बोर्डलाई बुझाउनुपर्ने महसुल तथा अन्य दस्तुर बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद - ६
## कार्यक्रम कार्यान्वयन र व्यवस्थापन

**२२. कार्यक्रम छनौट** : बोर्डबाट कार्यान्वयन गरिने कार्यक्रम वा आयोजना गाउँसभाबाट स्वीकृत भएको हुनुपर्नेछ । गाउँसभाले सूचीकृत गरेको नभएमा कार्यपालिकाले निर्णय गरेको हुनुपर्नेछ । तर यस प्रावधानले सानातिना योजना, मर्मतसम्भार, सेवा विस्तार र अन्य भैपरी आउने काम गर्न रोक लगाएको मानिनेछैन ।

**२३. कार्यक्रम कार्यान्वयन** : (१) बोर्डले कार्यक्रम कार्यान्वयन गर्दा आफैले वा उपभोक्ता समितिमार्फत् वा अन्य संघ, संस्था वा समूहलाई जिम्मा दिएर पनि गर्न सक्नेछ ।

(२) बोर्डले कार्यान्वयन गर्ने कार्यक्रम कुनै सरकारी वा गैरसरकारी वा निजी क्षेत्रसँग साझेदारी कार्यक्रमको रुपमा पनि सञ्चालन गर्न सक्नेछ । यसरी गरिने साझेदारी गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम हुनुपर्नेछ ।

(३) बोर्डले सञ्चालन गर्ने कार्यक्रमहरुको लागि आवश्यकताअनुसार परामर्शदाता, स्रोत व्यक्ति वा विज्ञको परिचालन गर्न सक्नेछ ।

**२४. कर्मचारीसम्बन्धी व्यवस्था** : (१) बोर्डमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरु बोर्डले भर्ना गर्न वा गाउँपालिकाले खटाउन सक्नेछ ।

३) उपदफा (१) बमोजिमका कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु तोकिएबमोजिम हुनेछ ।

**२५. कार्यालय** : बोर्डको कार्यालय गाउँकार्यपालिकाले तोकेको स्थानमा रहनेछ ।

**२६. वार्षिक प्रतिवदेन पेश गर्नुपर्ने** : (१) बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र देहायका कुराहरुसमेत समावेश गरी गाउँपालिकासमक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ :-

(क) बोर्डको आम्दानी र खर्चको विवरण,

(ख) आफूले वर्षभरी सम्पादन गरेको कामको विवरण र सोको लागि लागेको प्रशासकीय खर्च,

(घ) तोकिएबमोजिमका अन्य विवरण ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन बोर्डले प्रत्येक वर्ष सार्वजनिक गर्नुपर्नेछ ।

**२७. सेवासुविधा** : बोर्डका पदाधिकारी तथा सदस्यहरुको लागि कुनै किसिमको तलबभत्ता उपलब्ध गराइनेछैन । तर स्वीकृत वार्षिक सञ्चालन बजेटको सीमाभित्र रही प्रचलित नियमानुसार बैठक भत्ता, आवास, सञ्चार र यातायात खर्च उपलब्ध गराउन सकिनेछ ।

**<u>२८. अनुगमन र मूल्यांकन</u>** : बोर्डको कामको अनुगमन र मूल्यांकन गाउँपालिकाको अनुगमन तथा मूल्यांकन समितिले गर्नेछ । अनुगमन तथा मूल्यांकन समितिको काममा सहयोग गर्नु समितिको कर्तव्य हुनेछ ।

**<u>२९. उपसमिति गठन गर्न सक्ने</u>** : (१) बोर्डले आफूले गर्नुपर्ने कामकारबाही गर्नको लागि आवश्यकताअनुसार विभिन्न विषयसँग सम्बन्धित विशेषज्ञ, सेवा प्रदायक तथा उपभोक्ताको समेत संलग्नता रहने गरी कार्यदल वा उपसमिति वा सरोकार समिति वा समूहहरु गठन गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य, अधिकार तथा उपसमितिका सदस्यले पाउने सेवासुविधा बोर्डको निर्णयबमोजिम हुनेछन् ।

## परिच्छेद-७
## बोर्डको कोष र लेखापरीक्षण

**३०. बोर्डको कोष** : (१) बोर्डको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।
(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :-
(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट प्राप्त रकम,
(ख) गैरसरकारी संघ संस्थाबाट प्राप्त ऋण, अनुदान, सहयोग रकम वा साझेदारी वापतको रकम,
(ग) उपभोक्ताले महसुल, विलम्व शुल्क, दण्डजरिमाना आदि वापत बुझाएको रकम,
(घ) अन्य सेवा प्रणाली उपयोग कर्ताले बुझाएको रकम,
(ङ) उपभोक्ता समितिले तिरेको आवद्धता र नवीकरण शुल्क ।
(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।
(३) बोर्डको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।
(४) न्यूनत्तम शुल्क व्यवस्थापनका लागि प्रचलित आर्थिक ऐन, नियम बमोजिम गरिनेछ ।

**३१. खाता सञ्चालन** : बोर्डको कोषमा रहने रकम नेपालभित्रको कुनै बैङ्क वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ । त्यस्तो खाता बोर्डको अध्यक्ष, कोषाध्यक्ष र कुनै एक पदाधिकारीको नाममा संयुक्तरुपमा खोली सञ्चालन गर्न सकिनेछ ।

**३२. लेखा र लेखापरीक्षण** : (१) बोर्डको आय-व्ययको लेखा प्रचलित कानूनबमोजिम राखिनेछ ।
(२) बोर्डले तोकिएबमोजिम आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण गर्नु गराउनु पर्नेछ ।
(३) बोर्डको आय-व्ययको लेखापरीक्षण बोर्डले नियुक्त गरेको ईजाजतपत्र प्राप्त लेखापरीक्षकबाट हुनेछ ।
(४) गाउँपालिकाले चाहेको जुनसुकै बखतमा बोर्डको लेखा तथा सोसँग सम्बन्धित कागजात जाँच्न वा जँचाउन सक्नेछ ।

## परिच्छेद-८
## कसूर तथा सजायँ

**३३. कसूर तथा सजाय :** (१) कसैले यो ऐन वा यसअन्तर्गत बनेको नियम प्रतिकूल कुनै काम गरी देहायको कसूर गरेमा बोर्डले त्यस्तो व्यक्तिलाई देहायबमोजिम सजायँ गर्न सक्नेछ :-

(क) सेवासँग सम्बन्धित कुनै संरचना, जडान वा पूर्वाधार भत्काए वा बिगारेमा वा अन्य कुनै प्रकारले क्षति पुऱ्याएमा क्षतिको मुल्याङ्कन गरी नोक्सानी भराई बढीमा पचास हजार रुपैयाँसम्म जरिवाना ।

(ख) खानेपानीलाई प्रदूषित गराई सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याएकोमा कसूरको मात्रा हेरी बढीमा पच्चीस हजार रुपैयाँसम्म जरिवाना ।

(ग) सेवाको अनाधिकार प्रयोग वा दुरुपयोग गरेमा बढीमा पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गरी सेवा बन्द गर्न ।

(घ) सेवा मापकयन्त्र वा अन्य त्यस्तै उपकरण बिगारे वा सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध पुऱ्याएमा बढीमा दश हजार रुपैयाँसम्म जरिवाना ।

(ङ) सेवा प्रणालीमा जडित पाइप लाइन चोरी गरेमा, बिगारेमा, भत्काएमा वा नष्ट गरेमा सो कामबाट पुग्न गएको क्षतिको विगो भराई बढीमा बिगोबमोजिम जरिवाना गर्न तथा त्यस्तो कार्य गर्ने व्यक्ति उपभोक्ता भए त्यस्ता उपभोक्ताको सेवा छ महिनासम्म बन्द वा निलम्वन गर्न ।

(२) उपदफा (१) बमोजिम कसूरको छानविन गरी सजायँ गर्न बोर्डले गाउँकार्यपालिका, न्यायिक समिति, नगर प्रहरी, नेपाल प्रहरी, स्थानीय प्रशासन वा अन्य न्यायिक निकायको सहयोग लिन सक्नेछ ।

(३) बोर्डले उपदफा (१) बमोजिम गर्ने दण्ड, जरिवाना वा सजायँउपर चित्त नबुझेमा न्यायिक समितिमा र न्यायिक समितिको निर्णय चित्त नबुझेमा चित्त नबुझाउने पक्ष सम्बन्धित अदालतमा पुनरावेदनको लागि जान सक्नेछ ।

## परिच्छेद ९
## विविध

**३४. बोर्डमा आवद्ध हुनुपर्ने :** (१) बोर्डबाट खानेपानी तथा सरसफाई योजनाहरुको सुधारविस्तार, सञ्चालन, मर्मतसम्भार वा नयाँ निर्माणको लागि आवश्यक बजेट तथा कार्यक्रम प्राप्त गर्न तथा बोर्ड, समिति वा वडा खानेपानी तथा सरसफाई सभामा प्रतिनिधित्व गर्नको लागि हरेक उपभोक्ता समितिहरु अनिवार्य रुपमा बोर्डमा आवद्ध हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्डमा आबद्ध हुने उपभोक्ता समितिहरुले बोर्डले निर्धारण गरेबमोजिमको आवद्धता शुल्क र वार्षिक नवीकरण शुल्क बुझाउनु पर्नेछ ।

**३५. निर्देशन दिन सक्ने :** सेवाको गुणस्तर कायम गर्ने, वातावरण संरक्षण गर्ने तथा खानेपानी तथा सरसफाईको गुणस्तर कायम राख्ने सम्बन्धमा गाउँकार्यपालिकाले बोर्डलाई आवश्यक निर्देशन दिनसक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु बोर्डको कर्तव्य हुनेछ ।

**३६. सहयोग र समन्वयमा काम गर्नुपर्ने :** (१) बोर्डले गाउँपालिकाको खानेपानी तथा सरसफाई शाखासँगको समन्वयमा काम गर्नुपर्नेछ ।

(२) बोर्डको काममा सहयोग र समन्वय गर्नु खानेपानी तथा सरसफाई शाखाको कर्तव्य हुनेछ ।

(३) यस ऐनबमोजिम समितिले गर्ने काममा कार्यपालिका, वडासमिति र गाउँपालिकाभित्र रहेका कार्यालयहरुले आवश्यक सहयोग र समन्वय गर्नुपर्नेछ ।

**३७. सपथग्रहण गर्नुपर्ने** : समितिका सबै पदाधिकारी तथा सदस्यहरुले गाउँपालिका अध्यक्षसमक्ष पद तथा गोपनियताको सपथग्रहण गर्नुपर्नेछ । सपथको ढाँचा अनुसूची २ बमोजिमको हुनेछ ।

**३८. प्रमाण-पत्रसम्बन्धी व्यवस्था** : समितिका सबै पदाधिकारी तथा सदस्यहरुलाई गाउँपालिकाको तर्फबाट अनुसूची ३ बमोजिमको ढाँचामा प्रमाण पत्र प्रदान गरिनेछ ।

**३९. प्रचलित कानुनबमोजिम हुने** : यस ऐनमा उल्लेख भएको विषयमा यसै ऐनबमोजिम र यसमा उल्लेख नभएको विषयमा गाउँपालिकाको प्रचलित कानुनबमोजिम हुनेछ ।

**४०. नियम बनाउन सक्ने** : यस ऐनको कार्यान्वयनको क्रममा आवश्यक परेमा गाउँकार्यपालिकाले नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड तयार गरी लागू गर्नसक्नेछ ।

**४१. संशोधन** : गाउँसभाले यस ऐनको कुनै परिच्छेद वा दफा वा उपदफा वा कुनै अंशमा थपघट, हेरफेर वा संशोधन गर्नसक्नेछ ।

**४२. बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्ने** : कार्यपालिकाले यस ऐनको कार्यान्वयनको क्रममा थप व्याख्या गर्न वा बाधाअड्काउ फुकाउन सक्नेछ ।

**४३. बचाऊ** : यस ऐनको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित कानुनबमोजिम यसअघि भएका कार्यहरु यसै ऐनबमोजिम भएको मानिनेछ ।

समाप्त

अनुसूची- १

## समितिको छाप

(कार्यविधिको दफा ८ सँग सम्बन्धित)

**नाम :** खानेपानी तथा सरसफाइ विकास बोर्ड, इस्मा गाउँपालिका, इस्मारजस्थल, गुल्मी
लुम्विनी प्रदेश नेपाल

**स्थापना:** २०७८

**लोगो :** खानेपानी तथा सरसफाइ विकास बोर्ड बैठकको सिफारिसमा गाउँ कार्यपालिका बैठकले अनुमोदन गरे बमोजिमको हुनेछ ।

अनुसूची- २

## समितिका पदाधिकारी तथा सदस्यहरुले लिने सपथको ढाँचा

कार्यविधिको दफा ३७ सँग सम्बन्धित

म… … … … … … …सत्य निष्ठापूर्वक यो शपथ लिन्छु कि इस्मा गाउँपालिकाको खानेपानी तथा सरसफाई विकास बोर्ड गठन तथा परिचालन ऐन २०७८ बमोजिम गठित बोर्ड/समितिको ………………पदको हैसियतले मलाई सुम्पिएको जिम्मेवारी र कर्तव्य पालन कसैको डर, त्रास, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी निष्पक्ष तथा इमान्दारीपूर्वक गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारी हुन आएको गोप्य कुरा प्रचलित कानूनको पालनाको सिलसिलामा बाहेक कुनै अवस्थामा कसैलाई कुनै पनि माध्यमबाट आफू पदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा प्रकट गर्ने छैन ।

नाम :-…………………………………………… पद…………………………

मिति :-…………………………………………… दस्तखत : …………………

अनुसूची- ३

## समितिका पदाधिकारी तथा सदस्यहरुलाई प्रदान गरिने प्रमाण-पत्रको ढाँचा

कार्यविधिको दफा ३८ सँग सम्बन्धित

### इस्मा गाउँपालिकाका

इस्मा गाउँपालिकाको खानेपानी तथा सरसफाई विकास बोर्ड गठन तथा परिचालन ऐन २०७८ बमोजिम गाउँ कार्यपालिकाको मिति ...................सम्पन्न बैठकको निर्णय अनुसार इस्मा गाउँपालिका.....................निवासी तपाइ श्री.......................(ना.प्र.नं......) लाई बोर्ड/समितिको ............................पदमा नियुक्त गरिएको छ । कुशलता पूर्वक जिम्मेवारी सम्पादन गर्नु हुनेछ भन्ने विश्वास सहित तपाइलाई हार्दिक बधाइ तथा सफाल कार्यकालको शुभकामना ।

| | | |
|---|---|---|
| हस्ताक्षर................ | | हस्ताक्षर............. |
| नाम............... | | नाम.................. |
| प्रमुख प्रसासकिय अधिकृत | मिति ...................... | अध्यक्ष................. |